# नौकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सरमथली, रसुवा

बागमती प्रदेश,नेपाल

पत्र संख्या: २०८२।०८३

चलानी नं.

सूचना !　　　　सूचना !!　　　　सूचना !!!

## बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम सम्बन्धि सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८२/०४/२७

यस आ.व २०८२/०८३ को प्रदेश शर्सत कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाद्धारा सञ्चालित "बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम"मा बाबु आमा दुबै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले कानून बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनार्थ देहाय बमोजिमको योग्यता पुगेका व्यक्तिहरुले तल उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिका वा निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले सम्बन्धित वडा कार्यलयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

आवेदनको साथमा देहाएको कागजातहरु संलग्न गर्नुपर्नेछ :

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि), २ प्रति पासपोर्ट साईजको फोटो,
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि भनी स्थानीय तहबाट प्रमाणित कागजात,
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र),
- संरक्षकको नागरिकताको प्रमाणपत्र प्रतिलिपि,
- सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र ।

भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता:

- आमा बाबु दुवैको मृत्यु भएको,
- १८ वर्ष उमेर पुरा नगरेको,
- ५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको,
- कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको,
- उल्लेखित योग्यता पूरा गरी नियमानुसार आमा बाबु विहिन बालबालिकाको रुपमा स्थानीय तहमा दर्ता भएको ।

नोट : अघिल्लो आ.व मा भत्ता प्राप्त गरिसकेका बालबालिकाहरुको पनि नवीकरणको गर्नु पर्ने भएकाले उल्लेखित सम्पूर्ण कागजात पेश गर्नुहुन अनुरोध गरिन्छ ।

नविन गिरी

प्रमुख प्रशासकीय अधिकृत

# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सरमथली, रसुवा
बागमती प्रदेश,नेपाल

पत्र संख्याः २०८२।०८३
चलानी नं.

श्री सम्बन्धित सबै वडा कार्यालयहरु,
नौकुण्ड गाउँपालिका ।

विषय : सूचना टाँस गरि आवेदन संकलन गरिदिने बारे ।

उपरोक्त विषयमा यस गाउँपालिकाले, मिति २०८२/०४/७२ गते प्रकाशित गरेको "बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम" सम्बन्धि सूचनालाई तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सम्बन्धित व्यक्तिहरुको नियमानुसार आएका आवेदनहरुलाई देहायको ढाँचामा संकलन गरि यस कार्यालयको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

नविन गिरी

प्रमुख प्रशासकीय अधिकृत

# बाबु आमा विहिन बालबालिका सूचना संकलन फारम

१. प्रदेश......................२. जिल्ला........................३. पालिका....................

४. वडा नं......................५. गाउँ/टोल/बस्ती.............................

६. बालबालिकाको नाम....................................थर..............................

७. बालक ☐ बालिका ☐ ८. जन्म मिति...............साल.......महिना .......गते

९.बाबु बितेको /बेपत्ता भएको वर्ष..............................साल....... महिना .......गते

१०. आमा बितेको /बेपत्ता भएको वर्ष............................साल....... महिना .......गते

११. बाबुतिरको नातेदार को को छन् ?............................................................

१२. आमातिरको नातेदार को को छन् ?..........................................................

१३. हाल को संग बसिरहेको?...................................................................

१४.परिवार र आफन्तमा नबसेको भए हाल कहाँ रहेको ?......................................

१५. विद्यालय गएको / नगएको (नगएको भए सो को कारण) ................................

१६. विद्यालयको नाम .................................................................. कक्षा.............

१७.कुनै अपाङगता छ ?..................... छ भने कस्तो प्रकारको ................................

१८. संरक्षकको नाम थर .........................................ठेगाना ...............................

१९. सम्पर्क नं................................................. हस्ताक्षर ................................

| तथ्याङ्क संकलन गर्ने कर्मचारी | रुजु गर्ने कर्मचारी |
| --- | --- |
| नाम : | नाम: |
| पद : | पद: |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : |